# युनियन फाइनान्स लिमिटेड
# को
## उन्नाइसौं, बीसौं, एकाइसौं तथा बाइसौं वार्षिक साधारण सभामा
## अध्यक्षज्यूको मंतब्य

आदरणीय शेयरधनी महानुभावहरु,

यस युनियन फाइनान्स लिमिटेडको उन्नाइसौं, बीसौं, एकाइसौं तथा बाइसौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न नियमनकारी निकायबाट पाल्नुभएका पर्यवेक्षकहरु, लेखापरीक्षक तथा उपस्थित सबैलाई संचालक समिति तथा मेरो तर्फबाट समेत हार्दिक स्वागत एवं अभिवादन गर्दछु ।

सर्वप्रथम विगतका चार आर्थिक वर्षहरुको वार्षिक साधारण सभा समय मै गर्न नसकेकोमा क्षमा माग्न चाहन्छु । आ.व. २०६९/७० र २०७०/७१को हर-हिसावलाई नेपाल राष्ट्र बैंकबाट मिति २०७१।१२।३०मा स्वीकृती प्राप्त भए पश्चात संचालक समितिको बैठक बस्ने तयारी हुँदा हुँदै मिति २०७२।०१।१२मा महाभुकम्प आई संस्थाको केन्द्रीय कार्यालय र काठमाडौं शाखा बसेको नागपोखरी, नक्साल स्थित भवनमा क्षति पुग्न गै लगभग ३ महिना अन्यत्रबाट दैनिक कार्य संचालक गर्नु परेको थियो । उक्त समयमा दैनिक कार्य संचालन गर्नु नै ठूलो चुनौति रहेको थियो । संस्थाको आ.व. २०७१/७२ को हर-हिसावलाई नेपाल राष्ट्र बैंकबाट मिति २०७२।१०।२४मा स्वीकृती प्राप्त भएको हो । यस विचमा संस्थाको अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जरको विषयमा छलफल अगाडी बढी रहेकोले कुनै ठोस निर्णय आई उक्त निर्णयलाई साधारण सभाबाट अनुमोदन समेत गर्नु पर्ने भएकोले मर्जरको ठोस निर्णय आई साधारण सभा गर्ने भन्ने सोचका साथ अघि बढी राखिएको थियो । तर, मर्जर सम्बन्धि कुनै ठोस निर्णय हुन नसक्दा साधारण सभा समेत प्रभावित हुन पुग्यो । हाल आएर आ.व.२०७२/७३को हर-हिसावको नेपाल राष्ट्र बैंकबाट मिति २०७३।११।१९मा स्वीकृती प्राप्त भएकोले मर्जर को कुनै ठोस निर्णय नभए पनि साधारण सभा गर्ने निर्णय गरिएको थियो । यसै बीच देव: विकास बैंक लिमिटेडसंग मर्जर/एक्विजिशनको छलफल सकारात्मक रुपमा अघि बढि मिति २०७३ चैत्र ८ गते देव: विकास बैंक लिमिटेड र युनियन फाइनान्स लिमिटेड बीच संस्था प्राप्ति (एक्विजिशन) सम्बन्धी सहमतिपत्र (Statement of Arrangement)मा हस्ताक्षर भै सकेको यहाँहरुलाई जानकारी गराउन चाहन्छु । प्राप्ति (एक्विजिशन)का लागि गर्नु पर्ने कार्यहरुको थालिनी भै सकेको र आगामी २०७४ आषाढ मसान्त अघि नै यो कार्य समाप्त गर्ने लक्ष्य लिइएको जानकारी गराउन चाहन्छु ।

यस वार्षिक साधारण सभामा आर्थिक वर्षहरु २०६९/७०, २०७०/७१,२०७१/७२ र २०७२/७३को वित्तीय प्रतिवेदनहरु तथा संचालक समितिको प्रतिवेदन यहाँहरु समक्ष प्रस्तुत गरेको छु र सो प्रतिवेदनहरु यहाँहरुबाट पारित/स्वीकृत हुनेमा म विश्वस्त छु।

**आ.व. २०६९/७०,२०७०/७१, २०७१/७२ र २०७२/७३ को तुलनात्मक वित्तीय विवरणहरु तल दिईएबमोजिम रहेको छ :-**

**रु. हजारमा**

| सि. नं. | विवरण | २०७० आषाढ मसान्त | २०७१ आषाढ मसान्त | २०७२ आषाढ मसान्त | २०७३ आषाढ मसान्त |
|---|---|---|---|---|---|
| १. | चुक्ता पूँजी | १७,६५,८५ | १७,६५,८५ | १७,६५,८५ | १७,६५,८५ |
| २. | प्राथमिक पूँजीकोष | १८,०८,७८ | १०,६३,१३ | १०,३४,६२ | ७,९२,७४ |
| ३. | कुल निक्षेप | ९७,६३,७४ | १,०५,०१,३० | ९३,७६,७७ | ९४,११,८७ |
| ४. | कुल कर्जा सापट | ८०,१६,८९ | ६७,२७,२७ | ६८,५६,३० | ६३,००,८२ |
| ५. | कुल आम्दानी | १६,२७,६७ | १२,८७,२१ | ११,१६,१८ | ९,१५,२१ |
| ६. | कूल खर्च | १५,७९,४० | १३,९४,९४ | ११,७९,१३ | १२,४४,५० |
| ७. | नोक्सानी व्यवस्था | ६,८२,९७ | १३,३२,३५ | १२,१७,३८ | १२,५६,८५ |
| ८. | कर्मचारी बोनस | | | | |
| ९. | आयकर | (२,५८) | (२,०६,८०) | (१,३५,४४) | (८०,१८) |
| १०. | खूद मुनाफा (करपछि) | (२,८१,०१) | (५,५०,३०) | ९६,२७ | (१,८७,०९) |

समिक्षा अवधिमा संस्थाको चुक्ता पूँजीमा कुनै परिवर्तन भएको छैन् । संस्थाको खूद मुनाफा नकारात्मक रहन गएकोले त्यसको असर प्राथमिक पूँजीकोषमा पर्न गै प्राथमिक पूँजीकोष आ.व. २०७२/७३मा रु. ७करोड ९२ लाख ७४ हजार रहन गएको छ । संस्थासंग आ.व. २०७२/७३मा कुल निक्षेप रु. ९४करोड ११ लाख ८७हजार रहेको छ भने कर्जा तथा सापट रु.६३ करोड ८२लाख रहेको छ । उक्त कर्जा तथा सापटमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसारको रु. १२ करोड ५६लाख ८५हजारको कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ । संस्थाको आ.व. २०६९/७०मा रु. २करोड ८1लाख ०1 हजार, आ.व. २०७०/७१मा रु. ५करोड ५०लाख ३० हजार खूद नोक्सनी रहेको थियो भने आ.व. २०७१/७२मा खूद नाफा रु. ९६लाख २७ हजार रहेकोमा आ.व. २०७२/७३मा रु. १करोड ८७लाख ०९ हजार को खूद नोक्सनी रहेको जानकारी गराउन चाहन्छु ।

मुख्यत: निर्माण व्यवसायीहरुलाई निर्माण उपकरणहरु खरीद गर्नका लागि संस्थाले प्रवाह गरेको कर्जाहरुमा समस्या हुँदा समय मै साँवा

तथा व्याज प्राप्त नभएकोले ठूलै रकम कर्जा नोक्सानी व्यवस्थामा राख्नु परेको र व्याज पनि प्राप्त नभएकोले ठूलै रकम व्याज मुल्तवीमा राख्नु पर्दा संस्थाको वित्तीय स्थीतिमा नकारात्मक असर पर्न गएको हो । त्यस्ता ऋणीहरुवाट कर्जा रकम असूल गर्न सम्मानिय ऋण असूली न्यायाधिकरणमा मुद्दाहरु दायर गरिसकिएका छन् । यी मुद्दाहरु मध्ये केही मुद्दाहरुमा संस्थाको पक्षमा फैसला भै भरिभराउमा गएका छन् भने केही मुद्दाहरु हाल विचाराधीन अवस्थमा रहेका छन् । भरिभरावको प्रकृया अगाडी बढाईसकिएकोले केही समय मै कर्जाको असूल गर्नु पर्ने रकम असूल हुन गै संस्थाको वित्तीय स्थीतिमा सकारात्मक असर पर्नेमा म विश्वस्त रहेको छु ।

आ.व. २०७२/७३मा संस्थाले रु. २करोड ०५लाख ५२हजारको कर्जा अपलेखन गरेको छ । उक्त कर्जा कम्पनीको "कर्जा अपलेखन विनियमावली, २०६३" अनुसार नै गरिएको हो । उक्त कर्जाको असूलीका लागि हरसंभव प्रयास गर्दा पनि नउठेपछि कर्जाको धितो स्वरुप रहेको मशिनरी तथा सवारी साधनको लिलामी पश्चात पनि नउठेको बाँकी रकमलाई अपलेखन गरिएको हो ।

विगतमा अपलेखन गरेको कर्जाहरु मध्येवाट आ.व. २०६९/७०मा रु.४लाख ८८हजार, आ.व. २०७१/७२मा रु.५०हजार र आ.व. २०७२/७३मा रु.१लाख २९हजार असूल भएको व्यहोरा पनि जानकारी गराउन चाहन्छु ।

संचालक समितिका तत्कालिन अध्यक्ष श्री तेजवज्र बज्राचार्यले मिति २०७३ श्रावण १ गतेदेखि लागू हुने गरि संचालक समितिको अध्यक्ष तथा संचालकको पदबाट राजीनमा दिनु भएकोले मिति २०७३ श्रावण १ गते देखि लागू हुने गरि म भक्त वहादुर मल्ललाई सर्वसम्मतीवाट संचालक समितिको अध्यक्षमा नियुक्त भएको जानकारी गराउन चाहन्छु । गत सत्रौं वार्षिक साधारण सभावाट संस्थापक शेयरधनी समूहवाट निर्विरोध निर्वाचित संचालक श्री रविन्द्र बहादुर मल्लले आफ्नो कार्य व्यस्तताले गर्दा २०७३ श्रावण १ गते देखि लागू हुने गरि संचालकको पदबाट राजीनामा दिनु भएकोले उक्त पद हालसम्म खाली रहेको जानकारी गराउन चाहन्छु । यसै गरि, सत्रौं वार्षिक साधारण सभाबाट सर्वसाधारण शेयरधनी समूहबाट निर्विरोध निर्वाचित संचालकहरुले विभिन्न मितिमा राजीनामा दिनु भएकोले खाली भएको संचालक पदमा मिति २०७० भाद्र २८गतेवाट श्री सप्तमान बज्राचार्य र मिति २०७३ भाद्र२७ गतेबाट सुश्री मृणालिनी गिरीलाई सर्वसाधारण शेयरधनी समूहको तर्फवाट संचालकमा मनोनित गरिएको जानकारी गराउन चाहन्छु ।

संस्थापक शेयरधनी श्री सुरेन्द्र बहादुर मल्लले आफूले धारण गरेको २,६४,६४७ कित्ता संस्थापक शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई श्री सुमन पोखरेललाई ३२,७७७, श्री सागर ढकाललाई ३२,७७७, श्री अर्जुन पौडेललाई ३२,७७७, श्री लोकराज पौडेललाई ५५,५५३, श्री युद्धराज ओलिलाई १०,००० र श्री डि.डि. इन्भेष्टमेन्ट प्रा.लि.लाई ९९,११६ गरि कुल २,६३,००० कित्ता खरीद/बिक्री गरिएको जानकारी गराउन चाहन्छु । यसै गरि संस्थापक शेयरधनी श्री प्रकाश मानन्धरले पनि आफूले धारण गरेको ६४,७६८ कित्ता संस्थापक शेयर नेपाल राष्ट्र बैंकको स्वीकृती लिई श्री धनप्रसाद शर्मालाई खरीद/बिक्री गरिएको जानकारी गराउन चाहन्छु ।

संस्थाको नियमावलीमा भएको व्यवस्था अनुसार संस्थापक शेयरधनी समूहबाट ४ जना र सर्वसाधारण शेयरधनी समूहबाट ३ जना संचालक कायम रहने मध्ये दुबै समूहबाट प्रतिनिधित्व गर्ने संचालकहरुको आज निर्वाचन गर्नु पर्ने भएको छ । आशा छ, उक्त निर्वाचनबाट उपयुक्त व्यक्तिहरु निर्वाचित भै अर्को ४ वर्षका लागि ७ जना संचालक नियुक्त हुनु हुने छ ।

संस्थाले विगत वर्षहरुदेखि नै साना तथा व्यक्तिगत निक्षेपलाई प्राथमिकता दिने नीति लिई आएकोलाई हाल पनि निरन्तता दिइएको छ । जसले गर्दा गत आ.व. २०७२/७३मा संस्थागत निक्षेप ६.५२% रहेको छ भने व्यक्तिगत निक्षेप ९३.४८% रहेको छ । हाल बजारमा देखिएको तरलताको अभाव र बैंक तथा वित्तीय संस्थाहरुको निक्षेपको व्याजदरमा भएको प्रतिशप्रधाको असर संस्थामा पनि पर्न गएको छ । संस्थाको निक्षेपको व्याज बजारको औसत व्याजदर भन्दा कम भएकोले निक्षेप बाहिरीने क्रम बढ्न थालेपछि संस्थाले पनि बाध्य भै निक्षेपको व्याजदरमा बृद्धि गर्नु पर्‍यो ।

संस्थाले आफ्नो ग्राहकलाई सक्दो सरल र सुविधायुक्त बैकिङ्ग सेवा प्रदान गर्ने नीति लिएको छ । संस्थाका शाखाहरुबाट विप्रेशणको सेवा प्रदान गर्नका लागि हिमाल रेमिट, प्रभु रेमिट, बुम रेमिट र सूर्य रेमिट जस्ता कम्पनीहरुसंग सम्झौता गरि विप्रेशण सम्वन्धि सेवा प्रदान गर्दै आएको छ । साथै, कन्टिनेटल मार्केटिङ्ग प्रा. लि.संग सम्झौता गरि नेपाल टेलिकम र एनसेलको बिल भुक्तानी गर्न सक्ने व्यवस्था मिलाई सेवा प्रदान गरिरहेको जानकारी गराउन चाहन्छु ।

यहाँहरुको यस संस्थाप्रति असिम विश्वास एवं आस्था कायम राखी सहयोग गर्नु हुने संपूर्ण निक्षेपकर्ताहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै संस्थासंग सम्वद्ध समस्त शेयरधनी महानुभावहरु तथा ग्राहक महानुभावहरुमा उहाँहरुले पुर्‍याउनु भएको महत्वपूर्ण सहयोगका लागि हार्दिक धन्यवाद दिन चाहन्छु ।

संस्थाको दैनिक कार्यहरु सुचारुरुपमा संचालनार्थ नियमित सहयोग एवं समन्वय जारी राखे वापत म नेपाल राष्ट्र बैंक, आन्तरिक राजस्व कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., नेपाल वित्तीय संस्था संघ, वाणिज्य एवं विकास बैंकहरु, कर्जा सूचना केन्द्र लि., बीमा कम्पनीहरु, धितोपत्र ब्यवसायीहरु, सहयोगी अन्य वित्तीय संस्थाहरु तथा परामर्शदाताहरुप्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै, संस्थाको काम, कारोवारलाई अरु नियमित पार्नमा सहयोग पुर्‍याउनु हुँदै समय मै लेखापरीक्षण सम्पन्न गरी दिए वापत समेत कम्पनीका लेखापरीक्षक श्री एम. खनाल एण्ड कम्पनी तथा श्री खगेन्द्र एण्ड एसोसिएट्सलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, संस्थाको उत्तरोत्तर प्रगतिका लागि पूर्ण सक्रियताका साथ योगदान गर्नु हुने संस्थमा कार्यरत संपूर्ण कर्मचारीवर्गप्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु ।

काठमाडौं, नेपाल

भक्त बहादुर मल्ल

अध्यक्ष

संचालक समिति